"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ནགར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

## करारमा सेवा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/०८/१४

नमोबुद्ध नगरपालिकाको लागि स्वास्थ्य शाखा/संस्थामा रहने गरी देहाय बमोजिमका पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | विज्ञापननं | पद | माग पद संख्या | सेवा/समुह | तह |
|---|---|---|---|---|---|
| ४ | ०४/०८२/०८३ | अ.हे.ब | २ | स्वास्थ्य/ हे. ई | चौथो |
| ५ | ०५/०८२/०८३ | अ.न.मी | १ | स्वास्थ्य/ पहेन | चौथो |
| ८ | ०६/०८२/०८३ | कार्यालय सहयोगी | १ | | तहविहिन |

**१.शैक्षिक योग्यता र अनुभब**

क)नेपाली नागरिक

ख)न्यूनतम योग्यता

- **अ.हे.व. पदको लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण तथा काउन्सिल वा परिषदमा दर्ता भई म्याद कायम भएको।
- **अ.न.मी पदको लागि:** मान्यता प्राप्त संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण तथा काउन्सिल वा परिषदमा दर्ता भई म्याद कायम रहेको।
- कार्यालय सहयोगी पदको हकमा अनुभवी र स्थानीयलाई प्रथमिकता दिइनेछ।

घ)अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

२. **उमेर:** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला र अपांग उम्मेद्वारको हकमा ४० वर्ष ननाघेको।

३. **दरखास्त दिने स्थान:** नमोबुद्ध नगरकार्यपालिकाको कार्यालय ।

४. **दरखास्त दिने अन्तिम मिति:** २०८२।०८।२९ गते कार्यालय समय भित्र तर दरखास्त दिने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिनको कार्यालय समय भित्र ।

५. **आवेदन दस्तुर:** अ हे व, अ न मी पदको लागि रु ५००।- र कार्यालयसहयोगीको लागि रु ४००।-मात्र

६. **छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा अन्तर्वार्ता।

७. **आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताको लाब्धाङ्क प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालय बाट समकक्षता निर्धारण गरिएको प्रमाण), चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कार्य अनुभव खुल्ने प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, प्रचलित कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपि, हालसालै खिचिएको २ प्रति पासपोर्ट आकारको फोटो ।

८. अन्य जानकारीको लागि यस नगरपालिकाको कार्यालय वा ९८५१२५५७६० मा सम्पर्क राख्न सक्नुहुनेछ ।

**नोट: आवेदनको ढाँचा, पाठ्यक्रम तथा कार्यविवरण, सेवाका शर्त सहितको विस्तृत विवरणको जानकारी यस कार्यालय वा वेबसाइट www.namobuddhamun.gov.np मा उपलब्ध हुनेछ ।**